# अर्जुनचौपारी गाउँपालिका

Arjunchaupari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

**Office of Rural Municipal Executive**

अर्जुनचौपारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

Gandaki Province, Nepal


प.सं.(Reference No: ०८१।८२

च.नं.(Dispatch No):-

मितिः२०८१।०४।१६

**प्रेस विज्ञप्ती**

मिति २०८१।०४।१५ गते यस अर्जुनचौपारी गाउँपालिकाको ३२औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य निर्णयहरु तपसिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकाबासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**निर्णय नं. १** अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ मा पूँजीगत खर्च जम्म ६४.७७ प्रतिशत भएकोले आगामी आर्थिक वर्षमा उक्त खर्च बढाई ८५ प्रतिशत पुऱ्याउने लक्ष्यका साथ कार्य आगाडी बढाउने तथा के कति कारणले पूँजीगत खर्च कम भएको हो सोको पहिचान गरी समाधानका लागि सम्पूर्ण विषयगत शाखाहरुलाई आवश्यक निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २** मन्सुनजन्य विपदबाट हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै अर्जुनचौपारी गाउँपालिका भित्र विपद् व्यवस्थापनको लागि विपद् राहत उद्धार सामाग्री खरिद गरी आवश्यकता अनुसार प्रहरी चौकी तथा गा.पा. कार्यालय, वडा कार्यालयमा राख्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३** अर्जुनचौपारी गाउँपालिका वडा नं. १ स्थित केटिचौरमा नवग्रह एवं अन्य मूर्ति प्राण–प्रतिष्ठा लागि आवश्यक व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४** अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत बार्षिक विकास कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका आयोजनाहरुको ठेक्का आव्हान सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

| सि.नं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | सवारीसाधन खरिद | |
| २ | शिक्षण सीप विकास कार्यक्रमको लागि फर्निचर खरिद | |
| ३ | अर्जुनचौपारी पहुँच मार्ग निर्माण | |
| ४ | अर्जुनचौपारी-लामडाँडा सडक कालोपत्रे | |
| ५ | अर्जुनचौपारी-रापाकोट सडक कालोपत्रे | |
| ६ | अर्जुनचौपारी-मुसुरबारी-दरौं सडक कालोपत्रे | |
| ७ | प्रशासकीय भवन कम्पाउण्ड तथा घेरावार निर्माण | |
| ८ | घट्टे पूल पहुँच मार्ग निर्माण | |
| ९ | आरुचौर सडक खण्ड निर्माण | |
| १० | अर्जुनचौपारी-रापाकोट-तालपोखरी सडक खण्ड | बहुवर्षीय |

**निर्णय नं. ५** अर्जुनचौपारी गाउँपालिकाको ३,५ र ८ कक्षाको पालिकास्तरीय प्रथम त्रैमासिक परिक्षा सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

*" साझा प्रतिबद्धता, साझा जिम्मेवारी, हामी सबैको सपना समुन्नत अर्जुनचौपारी "*


9856053133 | arjunchauparimun.gov.np | arjunchaupari11@gmail.com


CamScanner

**निर्णय नं. ६** चालु आ.व. २०८१/०८२ को अर्जुनचौपारी गाउँपालिका गाउँसभाको १५ औं अधिवेशनबाट पारित भएका वडास्तरीय योजनाहरुको मिति २०८१ भाद्र मसान्त भित्र उपभोक्ता समिति गठन गरी योजना सम्झौता प्रकृया अगाडी बढाउने साथै उपभोक्ता समितिबाट निर्माण गरेका योजनाहरु फाल्गुण मसान्त भित्र सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७** अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण वडामा जग्गा बर्गीकरण सम्बन्धि कार्य सम्पन्न भएकोमा केही वडाहरुमा जग्गा बर्गीकरण हुन छुट भएकोमा छुट भएका जग्गाहरुलाई बर्गीकरणको लागि सम्बन्धीत निकायमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८** अर्जुनचौपारी गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि एवं प्रारम्भिक तहका बालबालिकाहरुको पठनपाठन सीप क्षमता विकास गर्न अति आवश्यक देखिएकोले अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष ०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम प्राथमिक तह पठन सीप विकास कार्यक्रमबाट १ जना साक्षरता सहजकर्ता करार सेवामा नियुक्ति गर्ने प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९** गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको चालु आर्थिक वर्ष २०८१/०८२ को मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको लागि आवेदन पेश गर्नु हुन भनि मिति २०८१/०४/१३ गते १५ दिने सूचना प्रकाशन भएकोमा अर्जुनचौपारी गाउँपालिकाले नवप्रवर्तन साझेदारी कार्यक्रमको लागि Arjunchaupari Mathematical And Science Outdoor Learning Cener निर्माणको लागि प्रस्तावना पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०** अर्जुनचौपारी अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत बार्षिक विकास कार्यक्रम अन्तर्गत आमा समुह/युवा क्लब/बाल क्लब/जेष्ठ नागरीक क्लब शिर्षकमा विनियोजन भएको बजेटबाट अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण आमा समुहलाई ५० प्रतिशत अनुदानमा तरकारीको बीउ एवं कृषि सामाग्रीहरु वितरण गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ११** अर्जुनचौपारी गाउँपालिका वडा नं. १ स्थित औद्योगिकग्राम सञ्चालनको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्ने जिम्मा पाएको कृतज्ञ ईन्जिनियरिङ्ग प्रा.लि. काठमाण्डौले तयार गरेको अर्जुनचौपारी गाउँपालिकाको औद्योगिकग्राम प्रारम्भिक वातावरणीय परिक्षण (IEE) स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १२** आर्थिक वर्ष २०८१/०८२ को जिल्ला दररेट अनुमोदन गरी अर्जुनचौपारी गाउँपालिका भित्र सोही दररेट कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता



CamScanner

# अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
अर्जुनचौपारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal
प.सं.(Reference No): ०८१।८२
च.नं.(Dispatch No):-

**निर्णय नं. १३** संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को महिला, शान्ति र सुरक्षा सम्बन्धी प्रस्ताव नं. १३२५ र १८२० लाई कार्यान्वयन गर्न अर्जुनचौपारी गाउँपालिकामा तपसिल बमोजिमको स्थानीय निर्देशक समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सामाजिक विकास समिति संयोजक | सदस्य |
| कर्मचारी प्रशासन शाखा प्रमुख | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| युवा, खेलकूद तथा शिक्षा शाखा प्रमुख | सदस्य |
| महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य |
| सामाजिक विकास शाखा प्रमुख | सदस्य-सचिव |

**निर्णय नं. १४** अर्जुनचौपारी गाउँपालिकामा वाश योजना तयार गर्नको लागि गण्डकी प्रदेश सरकारको तर्फबाट उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थान विभाग (सङ्घीय खानेपानी मन्त्रालयको तर्फबाट) र अर्जुनचौपारी गाउँपालिका बीच भएको समझदारी पत्र (MOU) अनुसार तपसिल बमोजिमको खानेपानी सरसफाई तथा स्वच्छता (WASH) कार्ययोजना तयार भएको हुँदा उक्त कार्ययोजना बमोजिम संकलन भएको तथ्याङ्क स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | घरधुरी | ३८९ वटा |
| २ | शैक्षिक संस्था | २७ वटा |
| ३ | सार्वजनिक शौचालय | ५ वटा |
| ४ | स्वास्थ्य संस्था | ६ वटा |
| ५ | खानेपानी आयोजना | ७३ वटा |
| ६ | निर्माणधिन खानेपानी आयोजना | १५ वटा |
| ७ | खानेपानी सरसफाई तथा स्वच्छता (WASH) सेवा नपुगेको समुदाय | २ वटा |

धन बहादुर गुरुङ
प्रवक्ता



9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com

CamScanner